कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शिक्षा, युवा तथा खेलकुद शाखा

कोहलपुर, बाँके,
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या : ०७७/०७८
च. नं. ८७१

मिति २०७८/०२/२३

विषय: वार्षिक मूल्याङ्कन तथा नतिजा प्रकाशन सम्बन्धी निर्देशन ।

श्री सबै सामुदायिक तथा संस्थागत विद्यालयहरु,
कोहलपुर नगरपालिका, बाँके ।

नगरस्तरीय वार्षिक मूल्याङ्कन समन्वय समितिको मिति २०७८/०२/२३ को निर्णयानुसार कक्षा १-७ र कक्षा ९ को शैक्षिक सत्र २०७७ को वार्षिक नतिजा प्रकाशन तथा कक्षा-८ को वार्षिक मूल्याङ्कन सम्बन्धमा निम्न बमोजिम गर्नुगराउनुहुन सबै सामुदायिक तथा संस्थागत विद्यालयहरुलाई जानकारी गराइन्छ ।

१. सबै सामुदायिक तथा संस्थागत विद्यालयहरुले मिति २०७८/०२/३० गतेका दिन कक्षा १-७ र कक्षा ९ को वार्षिक नतिजा प्रकाशन गर्ने । नतिजामा नाम र जी.पी.ए. मात्र जनाउने । भरसक वैकल्पिक माध्यमबाट नतिजा प्रकाशन गर्ने । नतिजा टाँस गर्नुपरेमा स्वास्थ्य सुरक्षाका मापदण्ड र दूरी कायम हुने गरी सहजै हेर्न मिल्ने व्यवस्था मिलाउने । कुनै पनि सामाजिक सञ्जालबाट विद्यार्थीको नतिजा जारी नगर्ने ।
२. विद्यालयहरुले कोहलपुर नगरपालिकाबाट जारी भएको आधारभूत तह (कक्षा-८) विद्यार्थी मूल्याङ्कन तथा नतिजा प्रकाशन कार्यविधि, २०७८ बमोजिम विद्यालयमा विद्यार्थी मूल्याङ्कन समिति गठन गर्ने । उक्त कार्यविधि बमोजिम शैक्षिक सत्र २०७७ मा अध्ययनरत कक्षा-८ का विद्यार्थीहरुको वार्षिक मूल्याङ्कन कार्य गर्ने र मिति २०७८/०२/२८ गतेभित्र शिक्षा शाखामा समष्टिगत प्राप्ताङ्क तालिकाको सफ्टकपी र प्रमाणित हार्डकपी पेस गर्न निर्देशन गर्ने । कार्यविधिको सफ्टकपी प्राप्त गर्न यस शाखामा सम्पर्क राख्न सकिने छ ।
३. आधारभूत तह (कक्षा-८) वार्षिक मूल्याङ्कन कार्यको मूल्याङ्कन समन्वय समितिबाट स्थलगत तथा वैकल्पिक माध्यमबाट अनुगमन हुनेछ ।
४. सबै विद्यालयहरुले पर्याप्त भौतिक दूरी कायम गरी एवं स्वास्थ्य सुरक्षाका मापदण्डहरु कायम गरी विद्यार्थीहरुलाई कक्षा-८ वार्षिक मूल्याङ्कनको प्रवेशपत्र वितरण गर्ने ।

...............
(अनन्तकुमार पौड्याल)
शिक्षा शाखा प्रमुख